"समृद्ध राप्ती नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार"

# समृद्ध राप्ती
## ई-बुलेटिन

२०८० माघ २९ गते सोमबार
Monday, Feb 12 2024
• वर्ष-१ | • अंक-२

Email :rraptimunicipality42@gmail.com

समृद्ध राप्ती - ई बुलेटिन | web :www.raptimunchitwan.gov.np | SAMBRIDHHA RAPTI – E-bulletin

# संस्कृति संरक्षणमा स्थानीय सरकार सकरात्मक : मेयर लामा

**जनताको गुनासो सुन्न र सुझावको लागी राप्ती नगर पालिकाले जनतासंग मेयर कार्यक्रमको दोस्रो सस्करण सुरु गरेको छ ।**





रत्ननगर । राप्ती नगर पालिकाका मेयर शमशेर लामाले परम्परागत पहिचान झल्किने संस्कृति संरक्षणको लागि स्थानीय सरकार सकरात्मक रहेको बताएका छन् । राप्ती नगरपालिका वडा नं ७ मा रहेको प्रेम पद्मा मगर गुठिष्टामा माघ १९ गते आयोजना गरिएको जनतासंग मेयर कार्यक्रममा उनले विभिन्न जातजातीका परम्परागत संस्कृति नगरकोसम्पतीभएकालेयसलाई जोगाउन राप्ती नगरपालिकाले सहयोग गर्ने बताए ।

कार्यक्रममा सहभागी मगर समुदायका अगुवाहरुले गुठीको भौतिक संरचना निर्माण र मगर समुदायको भाषा र संस्कृति संरक्षणको लागि मेयरलाई आग्रह गरेका थिए । स्थानीय रुकु राना मगर, मनकुमारी रुचाल मगर, नारायण सिं थापा मगर गुठीको भौतिक संरचना र मगर समुदायको भाषा र संस्कृति संरक्षणका लागि मेयर लामालाई आग्रह गरेका थिए ।

कार्यक्रममा राप्ती ७ की अध्यक्ष सुमिता डल्लाकोटीले राप्ती वडा नं ७ को विकासमा वडागत बजेटको अलवाल नगर पालिकाले समेत विशेष रुपमा सहयोग गर्दै आएको बताइन् । राप्तीको समग्र विश्वासमा जनताको साथ आवश्यक रहेको भन्दै उनले मगर समुदायको कुलदेवता पुज्ने जलदेवी मन्दिर व्यवस्थित गर्ने प्रतिवद्धता जनाइन् ।

मेयर लामाले मगरको समुदायसंगै जातजातीको भाषा र ऐन नगर सभाले निर्णय गरेर पास गरिसके को भन्दै अव आउने बजेटमा गुठिको भवन निर्माण गर्ने प्रतिवद्धता जनाए । नगरभरीका सवै मगर एक भएर अधि बढ्नुपर्नेमा उनले जोड दिए ।



राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०८०।०८१
च.नं. ४२४०
मिति: ०८०।१०।२१

जो जस सँग सम्बन्धित छ ।

विषय: विपन्न विद्यार्थी छात्रावृत्ती कार्यक्रम सम्बन्धमा ।


प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गतका कक्षा १२ उत्तिर्ण दलित, सिमान्तकृत र अति विपन्न विद्यार्थीहरुले प्राविधिक तथा उच्च शिक्षा अध्ययनको लागि विपन्न विद्यार्थी छात्रावृत्ती कार्यक्रम रहेकोले तपशिलको कागजपत्र सहित मिति २०८०।११।१५ गतेभित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ ।

तपशिल
१ कक्षा १२ उत्तिर्ण प्रमाणपत्र
२ उच्च शिक्षा अध्ययनरत शैक्षिक संस्थाको सिफारिस पत्र
३ आर्थिक रुपमा विपन्न भएको अवस्थामा वडाको सिफारिस पत्र

रविना देउजा
शिक्षा अधिकृत
अधिकृत सातौं

## १० सहकारी खारेज

राप्ती । चितवनको राप्ती नगरपालिकाले १० वटा सहकारी संस्थाको दर्ता खारेज गरेको छ । सहकारी संस्थाहरुले नगर पालिकामा पेश गर्नुपर्ने वार्षिक साधारण सभा, अधिवेशन तथा वार्षिक,चौमासिक,मासिक लगायत अन्य प्रगति प्रतिवेदनहरु पेश नगरेको भन्दै दर्ता खारेज गरेको जनाएको छ । नगर पालिकाले सोमबार एक सूचना जारी गर्दै सहकारी संस्थाको दर्ता खारेज गरिएको जनाएको हो ।



राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०८०।०८१
च.नं. ४३६९
मिति: २०८०।१०।२६

सार्वजनिक विदा सम्बन्धी सूचना
सुचना प्रकाशन मिति २०८० माघ २६ गते ।

राप्ती नगरपालिकाको मिति २०८० माघ २६ गतेको निर्णय बमोजिम २०८० माघ २७ गते शनिवारको दिन पर्न गएको २८६० औ सोनाम ल्होसारको अवसरमा २०८० माघ २८ गते थप १ दिन यस नगरपालिका भित्रका सम्पुर्ण सरकारी निकाय, बिधालय, बैंक तथा वित्तीय संस्थाहरु सार्वजनिक विदा दिने निर्णय भएको हुदा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

शमशेर लामा
नगर प्रमुख

आफ्नो नजिककैको वडा कार्यालयमा गएर नगरवासीले पाउनु पर्ने सेवा सुविधाको बिषयमा जानकारी लिनुहोस ।

## नगरवासीमा अनुरोध

नगर भित्र रहेका प्राकृतिक सम्पदा, पर्यटन तथा सास्कृतीक सम्पदाको संरक्षण गरौ ।

- राप्ती नगरपालिका नगरकार्यपलिकाको कार्यालय चितवन

# निशुल्क एम्वुलेन्स सेवा प्रभावकारि
## जनतामुखि काममा अघि बढ्दै राप्ती सरकार

राप्तीका जनतालाइ निशुल्कलाइ एम्वुलेन्स सेवाको प्रभावकारिता बढ्दो रहेको छ । पहाड देखि तल्लो भेगका जनताले नियमित निशुल्क एम्वुलेन्स सेवा लिएका छन । राप्ती नगर प्रमुख शमशेर लामाका अनुसार राप्तीका जनतालाइ स्वास्थ्यमा पहुच पुर्याउनको लागी भन्दै निशुल्क एम्वुलेन्स सेवा ल्याएको बताए । प्रमुख लामाका अनुसार राप्तीमा रहेका विपन्न परिवारको लागी मात्र हो इन निशुल्क सेवा लिन चाहाने सवैलाइ सुविधा रहेको बताए । स्थानिय सरकार आए देखिनै दिर्घरोगीको लागी निशुल्क एम्वुलेन्स सेवा रहेको थियो । उमेरको हद तोकेरै वृद्ध आमावुवाको लागी सेवा प्रवाह गरेको थियो । नगर प्रमुख लामाका अनुसार आफु मेयर भएपछि सेवा सवैलाइ बराबरी गरेको बताए । उनका अनुसार दैनिक ७ जना भन्दा बढी विमारीलाइ एम्वुलेन्सले सेवा दिदै आएको छ । यसमा पुरुषको संख्या बढी रहेको उनको भनाइ रहेको छ । नगरपालिकाले दिने निशुल्क सेवाका लागी सकेसम्म आफनो वडाको जनप्रतिनिधि नभए टोल विकास समितीका आधिकारिक व्यक्तिलाइ जानकारी दिनुपर्ने प्रमुख लामाले बताए । यसो हुदा सेवाग्राहिको लागी सहजीकरण हुने बताए । अस्पतालको लागी दिनमा कम्तीमा एम्वुलेन्स ७ पटक राप्ती बाट जाने गर्छ । सोहि अनुपातमा अस्पतालमा उपचार गरी घर फर्कनेको संख्या रहेको छ । उहाहरुलाइ पनि हामी निशुल्क सेवा दिदै आइरहेका छौ । पहिले पहिले जाने मात्र सम्झनु हुन्थ्यो अहिले फर्कने उतिकै रहेको बताए । राप्ती नगरपालिकाको वडा नं ५ का जनताले बढी सेवा लिने उनको भनाइ रहेको छ । वडा नं १ का जनताले भने कम सेवा लिने गरेका छन । पहिले पहाडका जनताको सेवामा न्युन अवस्था रहेको थियो । तर पछिल्लो ३ महिना यता पहाडमा रहेका जनताले पनि सेवा बढी मात्रमा लिएका छन । नगरमा अहिले एउटा मात्र एम्वुलेन्स रहेको कारण सवै विमारीलाइ सहयोगा गर्न नपाएको भन्दै प्रमुख लामाले अर्को थप गर्ने तयारी रहेको बताए । अहिले खरिद प्रकृयामा रहेको एम्वुलेन्स आएसंगै जनताले थप सुविधा पाउने बताए । यसो गर्दा भन्ने वित्तिकै जनताको घरमा सेवा दिन सकिने उनले बताए ।

## सहकारीको मासिक विवरण ८ गतेभित्र बुझाउनुपर्ने

राप्ती । चितवनको राप्ती नगरपालिका भित्र कार्य क्षेत्र भई सञ्चालित सहकारी संस्थाहरुले मासिक प्रतिवेदन महिनाको ८ गते भित्र बुझाउनुपर्ने भएको छ ।

नगरपालिकाले एक सूचना जारी गर्दै तोकिएको समयभित्र सहकारी संस्थाहरुले मासिक प्रतिवेदन नबुझाएको भन्दै समयमै बुझाउन निर्देशन दिएको हो । पालिकाले प्रत्येक महिनाको ८ गते भित्र मासिक प्रतिवेदनहरु बुझाउनु पर्ने, गत आर्थिक वर्ष २०७९ र ०८० को लेखा परीक्षण प्रतिवेदन,साधारण सभाको माईनुटको प्रतिलिपि, चालू आर्थिक वर्षका लागि साधारणसभा बाट पास भएको वार्षिक बजेट तथा कार्यक्रम, सञ्चालक समितिका पदाधिकारीहरुको विवरण र कार्यअवधि समेत बुझाउन निर्देशन गरेको हो । यस्तै, आर्थिक वर्ष २०७९ र ०८० को वार्षिक समष्टिगत विवरण, आर्थिक वर्ष २०७९ र ०८० को कार्य समिति तथा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन, राजस्व खातामा १ हजार नगद तिरेको नगद रसिद र सञ्चालकहरुले लिएको ऋणको विवरण समेत बुझाउन निर्देशन गरेको छ ।

## जुत्ता चप्पल बनाउने तालिम सम्पन्न



राप्ती । महिला उद्यमशीलता वृद्धि गर्नको लागि आयोजना गरिएको जुत्ता चप्पल बनाउने १५ दिने तालिम राप्तीमा समापन भएको छ । तालिममा परालको चप्पल, किचन सुज, व्याग र पर्स बनाउन प्रशिक्षण दिइएको थियो । घरेलु तथा साना उद्योग कार्यालय भरतपुरको आयोजना, राप्ती उद्योग संघको समन्वय तथा राप्ती नगरपालिका वडा नं ७ को सहकार्यमा स्थानीय महिलाका लागि दुई हप्ते तालिम संचालन गरिएको हो । तालिममा सफलतापुर्वक सहभागिता जनाउने प्रशिक्षार्थीहरुलाइ प्रमाणपत्र वितरण गरिएको थियो । सो क्रममा वडाध्यक्ष सुमिता डल्लाकोटीले महिलाहरुलाइ आत्मनिर्भर बनाउन यस्ता सीपमुलक तालिम आवस्यक हुने बताउनुभयो । जुत्ता चप्पल बनाउने तालिम आत्मनिर्भर बनाउने एउटा खुड्किलो भएकोले सिकेको सिपलाइ ब्यवहारिक रुपमा उतार्न वहाँको सुझाव थियो । २० जना सहभागी रहेको तालिममा प्रशिक्षकहरु हित माया गुरुङ र सीता गुरुङले सहजीकरण गर्नु भएको थियो । तालिम पछि सहभागिले आफुहरु आत्मनिर्भर हुनमा सहयोग गरेको भन्दै खुशि व्यक्त गरे । स्थानीय सरकारले जनमुखि काम गरेकोमा खुशि व्यक्त गरे ।

## सम्पादकीय

### आफ्नो संस्कृती जर्गेना गर्न माग

राप्ती नगरपालिकामा विभिन्न जातिको बसोबास रहेको छ । बिशेषत जनजातीको बाहुल्यता रहेको पालिकामा चेपाङ समुदाय, तामाङ समुदाय र थारु समुदायको पृथक पहिचान सहितको बसोबास रहेको छ ।

यसका अलवा मगर समुदाय, गुरुङ समुदायको बसोबासले राप्तीलाइ अझ सुन्दर र आत्मिय बनाएको छ । राप्ती नगर पालिकाको पहिचानमा थारुको संस्कार, तामाङको कला र चेपाङको आत्मियताले महत्वपुर्ण भुमिका खेलेको छ । यो संगै राप्ती नगरपालिका मगर समुदायले आफ्नो भाषा र संस्कृतीको संरक्षणको माग नगर प्रमुख संग राखेका छन ।

मगर समुदायले आफ्नो पहिचानको लागी नगर प्रमुखलाइ जर्गेना गर्न अनुरोध गरेका थिए । मगर समुदायको आफ्नो पहिचानको लागी राप्तीमा ६ वटा भन्दा बढी गुठि रहेका छन । मगर समुदायको गर्विलो इतिहास हुँदा-हुँदै खोजी गर्नुपर्ने विषय बनेको भन्दै यसको संरक्षणको लागी स्थानीय सरकारले ध्यान दिनुपर्ने समुदायको माग रहेको छ ।

राप्तीमा फरक फरक स्थानमा रहेको गुठि र नेतृत्वले एक जुट भएर अगाडी बढेमा मगर समुदायको विकास र संरक्षणमा महत्वपुर्ण भुमिका रहन सक्छ । तर वडागत नेतृत्वले स्थानीय सरकारले बिनियोजन गर्ने बजेटले उपलब्धि मुलक काम नहुन सक्छ ।

नगरको बजेट एकै ठाउमा प्रयोग हुदा यसले उपलब्धि मुलक काम र लक्षित समुदायको संरक्षणमा सहयोग गर्नेछ ।

### महत्वपुर्ण सर्म्पक नम्वर

राप्ती नगरपालिका चितवन : ०५६-५५००१५
राप्ती नगर प्रमुख : ९८५५०६२२३२
राप्ती नगर उपप्रमुख : ९८५५०५०६१०
सुचना अधिकारी : दिपक थिङ : ९८६०८३६३९४
भण्डारा अस्पताल : ०५६-५५००३७
निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५
निशुल्क रगतको लागी : ०५६-५९५८८०
जिल्ला प्रहरी कार्यालय चितवन : १००
इलाका प्रहरी कार्यालय भण्डारा : ९८५५०९०३०३
दमकल :०५६५८२५४६
विद्युत प्राधिकरण भण्डारा : ०५६-५५०३६६
राप्ती उद्योग वाणिज्य संघ : ९८५५०६६३२२

### सञ्चार माध्यम सर्म्पक न

हाम्रो राप्ती एफ एम : ९८५१०७४०६२
बिशाल न्युज दैनिक : ९८४३६०५३२८
सजिलो पाटी मिडिया : ९८११८६०८७
द भ्वाइस अफ इण्डिजिनियस : ९८६५५१३५५३
द भ्वाइस अफ मगर : ९७६२३४५७४५

# वडाध्यक्षको अधिकार के के हुन ?

ऐनले वडाध्यक्षले मात्र गर्ने भनेर विभिन्न काम कर्तव्य र अधिकार तोकिदिएको छ । स्थानीय शासन संचालन ऐनको दफा १६ को (ग) मा वडाध्यक्षलाई वडा समितिको अध्यक्ष भएर काम गर्नेदेखि कार्यपालिका, सभा र वडासमितिले तोकिदिएका अन्य काम समेत गर्ने जिम्मेवारी सुम्पिएको छ ।
जुन यस्ता छन :

- वडा समितिको अध्यक्ष भई कार्य गर्ने ।
- वडा समितिका सदस्यहरुको काममा समन्वय र सहजीकरण गर्ने ।
- वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेस गर्ने ।
- वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने ।
- सिफारिस तथा प्रमाणित गर्नुपर्ने भनेर ऐनले तोकेका सम्बन्धी कार्य गर्ने ।
- ७ दिनभन्दा बढी समय वडामा अनुपस्थित हुने भए वडाको दैनिक प्रशासनिक तथा सिफारिससम्बन्धी कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिने ।
- कार्यपालिका, सभा वा वडा समितिले तोकेका अन्य कार्य गर्ने ।
- नाता प्रमाणित ।
- नागरिकता तथा नागरिकताको प्रतिलिपि लिन सिफारिस ।
- बहाल करको लेखाजोखा सिफारिस ।
- बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने काम ।
- मोही लगत क ट्टाको सिफारिस ।
- घरजग्गा करको लेखाजोखा सिफारिस ।
- जन्ममिति प्रमाणित ।
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस ।
- विवाहित र अविवाहित प्रमाणित ।
- नि:शुल्क वा सशुल्क स्वास्थ्योपचारको सिफारिस ।
- वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजी भाषामा सिफारिस र प्रमाणित ।
- घर पाताल प्रमाणित ।
- व्यक्तिगत विवरण प्रमाणित ।
- जग्गाधनी दर्ता प्रमाणपुर्जामा घर कायमको सिफारिस ।
- कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक-फरक
- भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस ।
- नाम, थर, जन्म मिति संशोधनको सिफारिस ।
- जग्गाधनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस ।
- कित्ताकाट गर्न सिफारिस ।
- संरक्षक प्रमाणित तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस ।
- जीवितसँगको नाता प्रमाणित ।
- मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस ।
- जीवित रहेको सिफारिस ।
- हकवाला वा हकदार प्रमाणित ।
- नामसारी गर्न सिफारिस ।
- जग्गाको हक सिफारिस ।
- उद्योग ठाउँसारी गर्न सिफारिस ।
- आधारभूत विद्यालय खोल्न सिफारिस ।
- जग्गा मूल्याकंन सिफारिस ।
- विद्यालयको कक्षा थप गर्न सिफारिस ।
- अशक्त, असहाय तथा अनाथको पालनपोषणका लागि सिफारिस ।
- वैवाहिक अंगीकृत नागरिकता सिफारिस ।
- आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस ।
- विद्यालय ठाउँसारी गर्न सिफारिस ।
- धारा तथा विद्युत जडानका लागि सिफारिस ।
- प्रचलित कानुनअनुसार प्रत्यायोजित अधिकारबमोजिमका अन्य सिफारिस वा प्रमाणित गर्ने काम


# वडासदस्यका काम र अधिकार

वडाअध्यक्षको तुलनामा वडा सदस्यलाई भने ऐनले सिमित काम कर्तव्य अधिकार मात्र दिएको छ । स्थानीय शासन संचालन ऐन तथा प्रचलित अन्य कानुनअनुसार वडा सदस्यको काम कर्तव्य र अधिकार यस्ता छन ।

- वडा समितिको बैठकमा भाग लिने
- वडाअध्यक्षले तोकेका अन्य काम गर्ने
- वडाअध्यक्ष देशबाहिर हुँदा वडाध्यक्षले तोकेका व्यक्तिले कार्यवाहक वडा अध्यक्ष भएर काम गर्ने

निशुल्क एम्बुलेन्स सेवाको लागी
९८५५०५०६१०

निशुल्क रगतको लागी
०५६-५९५८८०



राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हड़ी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं.०८०/०८१
च.नं. ३५५८
मिति २०८०/१०/१०

विषय: प्रतिवेदनहरु पेश गर्ने सम्बन्धमा ।

श्री अध्यक्ष ज्यू,
सहकारी संस्था लि. सबै
राप्ती नगरपालिका, चितवन ।

प्रस्तुत विषयमा यस नगरपालिका भित्र कार्य क्षेत्र भई सन्चालनमा रहेका कतिपय सहकारी संस्था लि. हरुले नगरपालिकामा पेश गर्नु तपशिल अनुसारका प्रतिवेदनहरु समयमा नै पेश गरेको नदेखिएको हुनाले उक्त प्रतिवेदनहरु यथाशिघ्र पेश गर्नु हुन सूचित गरिन्छ ।

तपशिल
१. प्रत्येक महिनाको ८ गते भित्र पठाउनुपर्ने मासिक प्रगति प्रतिवेदन
२. आ.व.२०७९/०८० को लेखा परीक्षण प्रतिवेदन
३. साधारण सभाको माईनुटको प्रतिलिपि,
४. आ.व.२०८०/०८१ को लागि साधारण सभाबाट पास भएको वार्षिक बजेट तथा कार्यक्रम,
५. सन्चालक समितिका पदाधिकारीहरुको विवरण र कार्यअवधि
६. आ.व.२०७९/०८० को वार्षिक समष्टिगत विवरण
७. आ.व.२०७९/०८० को कार्य समिति तथा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन
८. राजश्व शाखामा रु. १,०००/– नगद तिरेको नगदि रसिद
९. सन्चालकहरुले लिएको ऋणको विवरण

नीलमकुमार ग्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

अवगतार्थ
श्रीमान् प्रमुख: राप्ती नगरपालिक, भण्डारा, चितवन ।
श्रीमान् उप प्रमुख: राप्ती नगरपालिका, भण्डारा, चितवन ।
बोधार्थ:
श्री सूचना प्रविधि शाखा: नगरपालिकाको वेभसाईडमा सूचना अपलोड गरिदिन हुन ।

Scanned with CamScanner
इमेल : rraptimunicipality42@gmail.com | वेबसाइट : www.raptimun.gov.np

# २०८१

# शनिवार बाहेक ३० दिन मात्रै सार्वजनिक बिदा

राप्ती । सरकारले आगामी वर्ष शनिवार बाहेक विभिन्न पर्व दिवस तथा जन्म जयन्तीका अवसरमा ३० दिन मात्रै सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

गृह मन्त्रालयले २०८१ साल वैशाख एक गतेदेखि चैत मसान्तसम्म एक वर्षभरिका सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायका लागि शनिवार बाहेक ३० दिन मात्रै सार्वजनिक बिदा दिने निर्णय गरेको हो । सार्वजनिक बिदाको दिन बाहेक वर्षभरिमा ५३ दिन भने शनिवार बिदा हुनेछ । देशभरका लागि लागू हुने सार्वजनिक बिदा र शनिवार जोड्दा सबै नागरिकका लागि आगामी वर्ष २०८० मा ८३ दिन सार्वजनिक बिदा हुने भएको छ । बिदा सूची अनुसार मुलुक भरि सार्वजनिक बिदा हुने पर्वमा नव अर्थात वैशाख एक गते रहेको छ । उक्त दिन भने शनिवार परेको छ ।

त्यसपछि वैशाख पाँच गते राम नवमी र जेठ १० गते चण्डी पूर्णिमा, बुद्ध जयन्ती, राई, लिम्बु, याक्खा, सुनुवारलगायतका किराँत समुदायको उभौली पर्वको सार्वजनिक बिदा छ । भदौ तीन गते रक्षा बन्धनको, भदौ १० गते श्रीकृष्ण जन्माष्टमीको र असोज १७ गते घटस्थापनाको सार्वजनिक बिदा रहेको छ ।

## दशैं बिदा र तिहार बिदा पाँच-पाँच दिन

आगामी वर्ष २०८० मा असोज २४ गते फूलपातीदेखि देखि २८ गते द्वादशी सम्म पाँच दिन दशैं बिदा रहेको छ । जसको बिचमा एक दिन शनिवार छ । कात्तिक १५ गते लक्ष्मीपूजादेखि १९ गतेसम्म पाँच दिन तिहार बिदा रहेको छ । जसको पनि बिचमा एक दिन शनिवार परेको छ ।

यस्तै कात्तिक ११ गते छठ पर्व, मंसिर ३० गते धान्य पूर्णिमा अर्थात किरात समुदायको उधौली पर्व, योमरी पुन्हि ज्यापु दिवस, पुस १० गते इसाई धर्मावलम्बीको पर्व क्रिसमस डे, पुस १५ गते तमु ल्होसार, माघ १ गते माघी पर्व अर्थात माघे सङ्क्रान्ति, माघ १७ गते सोनाम ल्होसार, फागुन १४ गते महाशिवरात्रि, फागुन १६ गते हिमावली आदिवासी शेर्पाले मनाउने ग्याल्पो ल्होसारको सार्वजनिक बिदा रहेको छ ।

यस्तै इस्लाम धर्मावलम्बीको पर्व इद ९इद उल फित्रको दिन, इस्लाम धर्मावलम्बीको पर्व बकर ईद इद उल अजहा , फागुन २९ गते हिमाली र पहाडी जिल्ला लगायतका ५६ जिल्लामा र चैत १ गते तराईका जिल्लामा फागु पूर्णिमाको सार्वजनिक बिदा रहेको छ ।

## दुई दिन जन्म जयन्ती बिदा

मुलुकभरि सबैलाई हुने सार्वजनिक दिवस बिदामा वैशाख १९ गते विश्व मजदुर दिवस, जेठ १५ गते गणतन्त्र दिवस, असोज तीन गते संविधान दिवस, माघ १६ गते शहीद दिवस, र फागुन सात गते प्रजातन्त्र दिवस, र फागुन २४ गते अन्तर्राष्ट्रिय महिला दिवसको बिदा रहेको छ । महिला दिवसको दिन संयोगले शनिवार नै परेको छ । यस्तै मुलुकभरि सबैलाई हुन सार्वजनिक जन्म जयन्ती बिदामा जेठ १० गते बुद्ध जयन्ती र पुस २७ गते पृथ्वी जयन्ती अर्थात राष्ट्रिय एकता दिवसको बिदा रहेको छ ।

सम्बन्धित धर्म संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र हुने सार्वजनिक बिदामा भदौ चार गते देशभरका नेवार समुदायका लागि मात्र गाईजात्रा, भदौ १० गते सोमबार गौरा पर्व, सिरुवा पावनीको दिन उक्त पर्व मनाउने झापा, मोरङ, सुनसरी, सिराहा र सम्बन्धित जिल्लामा बिदा रहेको छ ।

सम्बन्धित धर्मावलम्बीकै लागि मात्रै कात्तिक २५ गते किराँत धर्मावलम्बीका लागि फाल्गुनन्द जयन्तीको बिदा, नेपाली मुस्लिम धर्मावलम्बीका लागि मोहम्मद जयन्तीका दिन बिदा, नेपाली सिख धर्मावलम्बीका लागि कात्तिक ३० गते गुरु नानक जयन्ती बिदा रहेको छ । महिला कर्मचारीका लागि मात्रै हरि तालिका अर्थात तीजको भदौ २१ गते र जितिया पर्व मनाउने महिला कर्मचारीका लागि मात्रै असोज नौ गते जितिया पर्व बिदा रहेको छ ।

वसन्त पञ्चमी अर्थात सरस्वती पूजाको दिन माघ २१ गते शिक्षण संस्थाका लागि मात्रै बिदा दिइएको छ । अपाङ्गता भएका कर्मचारीका लागि मात्रै मंसिर १८ गते अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा सार्वजनिक बिदा दिइएको छ । काठमाडौं उपत्यकालाई मात्रै विभिन्न जात्रा बिदा पनि रहेका छन । जसमा गाईजात्रा भदौ चार गते, इन्द्रजात्रा असोज एक गते, मत्स्येन्द्रनाथको भोटो देखाउने दिनमा उक्त जात्राको बिदा, चैत १६ गते घोडे जात्राको बिदा रहेको छ ।

यस बाहेक राष्ट्रिय रुपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका बिदामा जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस जेठ २१ गते र भदौ २२ गते निजामती सेवा दिवस रहेको छ ।

वर्षको पहिलो दिन वैशाख एक गते सार्वजनिक बिदा भए पनि उक्त दिन शनिवार नै परेका कारण सार्वजनिक बिदाले एक दिन घटेको छ भने असोज २६ गते पनि दशैको बिचको शनिवार परेका कारण उक्त दिन पनि घटेको छ ।

तिहार बिदाकै बिचमा कात्तिक १७ गते शनिवार परेका कारण उक्त दिनको बिदा पनि घटेको छ भने पुस २७ गते पृथ्वी जयन्ती अर्थात राष्ट्रिय एकता दिवस परे पनि उक्त दिन शनिवार परेका कारण एक दिन घटेको छ । यस्तै फागुन २४ गते अन्तर्राष्ट्रिय महिला दिवस बिदा भए पनि उक्त दिन शनिवार परेका कारण उक्त दिन पनि घटेको छ ।

विदेशस्थित नेपाली नियोगले सम्बन्धित मुलुकका सार्वजनिक बिदालाई समेत ध्यानमा राखेर बढीमा १९ दिनसम्म सार्वजनिक बिदा आफैले व्यवस्थापन र समायोजन गर्न सक्ने भनिएको छ ।

